मेलुङ गाउँपालिका
Melung Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
(सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा)
भेड्पु, दोलखा
Bhedpu, Dolakha
बागमती प्रदेश, नेपाल
Bagmati Province, Nepal

प.स. / Ref. No.: ०७६/०७७
चं.नं. / Dispatch No.:

मिति : २०७७।०३।२५

## सामाजिक सुरक्षा परिचय-पत्र नविकरण गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना ।

सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ९ मा सामाजिक सुरक्षा परिचयपत्र नविकरण गर्नुपर्ने व्यवस्था बमोजिम यस गाउँपालिकाका ७ वटै वडाहरुमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले सम्बन्धित वडा कार्यालयमा उपस्थित भै तोकिएको ढाँचामा तपशिल बमोजिमको कागजातहरु सहित निवेदन दिई **मिति २०७७ साउन मसान्तभित्र** अनिवार्य रुपमा आफ्नो सामाजिक सुरक्षा परिचयपत्र नविकरण गराउनुहुन अनुरोध गरिन्छ ।

**सामाजिक सुरक्षा परिचयपत्र नविकरण गर्न आउँदा ल्याउनुपर्ने कागजातहरु :**

- हालचालै खिचेको रंगिन पासपोष्ट साइजको फोटो,
- नागरिकता प्रमाण पत्रको प्रतिलिपि, र सक्कल प्रति
- बालबालिकाको हकमा जन्मदर्ताको प्रतिलिपि,
- सम्बन्ध विच्छेद गरी अर्को विवाह नगरेकी महिलाको हकमा सम्बन्ध विच्छेद दर्ताको प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको प्रमाण,
- विधवा महिलाको हकमा पतिको मृत्यु दर्ताको प्रमाणपत्रको प्रतिलिपि,
- न्यायिक पृथकीकरण गरी बसेकी महिलाको हकमा न्यायिक पृथकीकरण भएको प्रमाण,
- विवाह नगरेको महिलाको हकमा वडाको सिफारिस पत्र,
- अपाङ्गता भएका व्यक्तिको हकमा साविकको महिला तथा बालबालिका कार्यालयबाट अपाङ्गता परिचयपत्रको प्रतिलिपि।

पुनश्च : (१) सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुसँग भएको रातो रंगको कार्ड सम्बन्धित वडा कार्यालयमा बुझाई नयाँ पहेलो रंगको कार्ड लिनुहुन समेत अनुरोध छ ।

(२) राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागको निर्देशन अनुसार <u>६० वर्ष भन्दा कम उमेर भएका विधवा र अति अशक्त अपाङ्गता भएका व्यक्तिहरुको</u> हकमा नयाँ दर्ताको लागि विभागबाट अर्को सूचना जारी नभएसम्मको लागि नयाँ दर्ता तथा नविकरण नगर्नुहुन ।

(३) सामाजिक सुरक्षा परिचयपत्र नविकरण निवेदनको ढाँचा सम्बन्धित वडा कार्यालयमा रहेको छ ।

०७७।३।२५

महेन्द्र विश्वकर्मा
प्रमुख प्रशासकीय अधिकृत